स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जल तथा मौसम विज्ञान विभागले बुधबार र बिहीबार वर्षात हुनसक्ने सम्भावना देखिएको जनाएपछि फिल्म 'बेहुली फ्रम मेघौली'को ओपनिङ प्रभावित हुनसक्ने आँकलन गरिएको थियो। पूर्वी जिल्लामा बिहीबार बिहान सामान्य वर्षा भए पनि काठमाडौंको मौसम सफा नै रह्यो । जसले गर्दा फिल्मको ओपनिङ प्रभावित हुन पाएन । र, फिल्मले बक्स अफिसमा उत्साहजनक सुरुवात गरेको छ ।

**आजको विचार...**



अवश्ये... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्म 'रंगी'को घटस्थापनाको साइत पारेर 'फाइनल' स्क्रिप्ट पूजा गरिएको छ । बिहीबार काठमाडौंको कमलादीस्थित गणेशस्थान मन्दिरमा सलोनसहित बस्नेत परिवार (शोभित बस्नेत र करिश्मा केसी), यही फिल्मबाट डेब्यु गर्न लागेकी पूर्वमिस नेपाल नम्रता श्रेष्ठ, निर्देशक सुरेश न्यौपाने लगायतले स्क्रिप्ट पूजा गरे । फिल्मको छायांकन भने आगामी कात्तिक ५ गतेदेखि सुरु हुने निर्देशक न्यौपानेले जानकारी दिए ।

❐ वर्ष ३० ❐ अंक ८० ❐ २०८१ असोज १८ गते शुक्रबार 4 October 2024, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### आगलागी हुँदा आठ जनाको मृत्यु



(रासस/सिन्ह्वा)

**ताइपेइ,** १७ असोज/दक्षिणी ताइवानको पिङटुङ काउन्टीमा बिहीबार अस्पतालमा भएको आगलागीमा परी समाचार तयार पार्दासम्म आठ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । यद्यपि, ताइवानबाट सम्प्रेषित एएफपीको समाचारमा मृतक संख्या नौ पुगेको बताइएको छ ।

पिङटुङ काउन्टी सरकारले आगलागीस्थलबाट उद्धार गरिएका छ जना पुरुष र दुई जना महिला गरी आठ जनाको घटनास्थलमा नै मृत्यु भएको जनाएको छ । स्थानीय दमकल विभागले बिहान ७:४१ बजे अन्ताइ तियान-शेङ मेमोरियल अस्पतालको एक भवनबाट बाक्लो धुवाँ निस्केको जानकारी पाएको जनाएको छ । अस्पतालका अवैतनिक डीन सु चिङ-चुआनले यसअघि सञ्चारकर्मीसँग कुरा गर्दै अस्पतालको भवनको मेशिन कक्षमा एयर कम्प्रेसर जलाइएका कारण आगलागी भएको र अधिकांश पीडितहरू अस्पतालमा भर्ना भएका वृद्ध बिरामीहरू रहेको बताएका थिए। घटनास्थलमा रहेका उद्धारकर्मीले स्थानीय सञ्चारमाध्यमलाई आगो नियन्त्रणमा आइसकेको बताएका छन् ।

## सवारी दुर्घटना र लुटपाटका घटना रोक्न

# पाल्पामा चाडपर्व लक्षित 'यात्रु सहायता कक्ष'

कृष्ण पोखरेल

**पाल्पा,** असोज १७/नेपालीहरुको महान पर्व बडा दशै, शुभ दिपावली, नेपाल संवत, छठ पर्वहरुलाई लक्षित गरेर पाल्पाका विभिन्न ठाउँहरुमा 'यात्रु सहायता कक्ष' सञ्चालनमा ल्याइएको छ । चाडपर्वका बेला सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु राख्ने, बढी भाडा लिनेलगायत काम हुने भएकाले त्यसको न्यूनीकरण गर्नका लागि यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको हो ।

दसैं नजिकिँदै गर्दा रोजागरी, व्यापार, व्यवसायी र अध्ययन गरेर फर्कनेको संख्या बढेको छ । विदेशबाट आउने नागरिकमाथि लुटपाट जस्ता घटना हुने भएकाले सहायता कक्ष सञ्चालनमा ल्याइएको जनाइएको छ । यस्तो बेला क्षमताभन्दा बढी यात्रु राख्ने, मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउने र तीव्र गतिमा सवारी साधन हाँक्ने लगायतका कारणले सवारी दुर्घटना हुने गर्दछन् । त्यसलाई नियन्त्रणका लागि यात्रु सहायता कक्ष स्थापना गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पाल्पा, जिल्ला ट्राफिक प्रहरी कार्यालय पाल्पा, सामुदायिक प्रहरी सेवा, यातयाता व्यवसायी कम्पनीहरुले संयुक्त रुपमा यात्रु सहायता कक्ष सञ्चालन गरेका हुन् । जिल्लाका राजमार्ग क्षेत्रमा केन्द्रित गरेर तानसेनको बसपार्क, बर्तुङ्ग, रामपुर र दोभानमा यात्रु




सहायता कक्ष सञ्चालन गरिएको र जिल्ला भित्रका सबै प्रहरी चौकीहरुमा पनि यात्रु सहयोग कार्यक्रम सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । यात्रु सहायता कक्षको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले शुभारम्भ गर्दै यात्रुको चाहाना अनुसार समयमै सुरक्षित गन्तव्यको लागि कक्ष सञ्चालन गरिएको बताए । सबै पक्षको सहयोग र सहकार्यबाट नै यात्रु सहायता कक्षलाई व्यवस्थित, सुरक्षित, भरपर्दो रुपमा सञ्चालन गर्न सकिनेमा प्रजिअ काफ्लेले जोड दिए । यात्रुहरुले पनि आफु माथी परेको अन्याय, अत्याचारको गलत काम कारवाहीका सूचना प्रहरी समक्ष गुनासो गर्न, बढी भाडा, सवारी साधन, अत्याधिक भारवहन, तिव्र गति भएको अवस्थामा प्रहरीलाई खवर गर्न उनले अनुरोध गरे । स-सानो लापरवाही हेरचेक्रयाईका कारण नै ठूला ठूला घटना हुने भएकाले सही समयमा सही सूचना पाए जोखिमलाई न्युनिकरण गर्न सकिने प्रजिअ काफ्लले बताए । यात्रु सहायता कक्षको छड्के रुपमा विभिन्न पक्षबाट अनुगमन समेत गरिने उनले जोड दिए । कार्यक्रममा तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले विगतमा बसपार्कवासी कै अनुरोधमा यात्रु सहायता कक्ष सञ्चालन भएकाले यसलाई व्यवस्थित रुपमा सञ्चालनको लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने बताए । यात्रु ओहोर दोहोर गर्ने स्थान बसपार्कमा सिसि क्यामेराको व्यवस्था र सरसफाईमा वडा कार्यालयले ध्यान दिने वडा अध्यक्ष महर्जनले बताए । यात्रुहरुको सहजताको लागि जग्गाको व्यवस्थापन भए वडाले सार्वजनिक शौचालय निर्माणको लागि सहयोग गर्ने उनले बताए । नेपाल पत्रकार महासंघ पाल्पाका कोषाध्यक्ष मुक्ति न्यौपानेले प्रहरीले सञ्चालन गरेको नागरिक सहायता कक्षलाई नागरिकस्तरबाट पनि सहयोग हुनुपर्ने सबै स्थानीय सरकारले आ-आफ्नो पालिका क्षेत्रमा पनि नागरिक सहायता कक्ष सञ्चालन गर्नुपर्ने, ग्रामीण सडकहरु तत्काल सुधार हुनुपर्ने, चालक सहचालकहरुलाई जिम्मेवार बनाउनु पर्नेमा कुरामा जोड दिए । श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि.का अध्यक्ष डिलबहादुर ढुङ्गानाले चाडपर्वमा बढी एकहोरो तर्फका यात्रुहरु बढी हुने हुँदा सवारी साधनको व्यवस्थापन गरी सुरक्षित यात्राको लागि कम्पनीले निरन्तर काम गर्दै आएको बताए । हरेक समयमा निजी रातो प्लेटका सवारी साधनहरु नै यात्रु वाहक सवारी साधनको रुपमा व्यापक प्रयोग भएकाले नियन्त्रणको लागि प्रहरी प्रशासनले सहयोग गर्नुपर्नेमा अध्यक्ष ढुङ्गानाले जोड दिए । कार्यक्रममा ३० बर्षदेखी तानसेनमा नागरिक ट्राफिक प्रहरी भई नि:शुल्क सेवा गर्दै आएका टोपप्रसाद श्रेष्ठले अनुभवको आधारमा बनाएको यात्रु सुरक्षा कवजको बसपार्क व्यवस्थापन समितिका सचिव किरण चित्रकारले वाचन गरे । यात्रु, प्रहरी, सवारीधनी, चालक सहचालक, सरकारले गर्नुपर्ने जिम्मेवारी पालना गरेमा कुनै गुनासो नआउने कुरामा नागरिक ट्राफिक प्रहरी श्रेष्ठले जोड दिएका थिए । जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरिक्षक नरेन्द्रबहादुर चन्दको अध्यक्षता र प्रहरी निरिक्षक सन्दिप बेल्वासेको सञ्चालनमा भएको थियो ।

## चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# दसैंको पहिलो दिन : शक्तिपीठहरुमा भक्तजनको भिड

हाम्रा संवाददाता

**पाल्पा,** असोज १७/वडा दशैंको पहिलो दिन घटस्थापनाको दिन विहीबार पाल्पाका विभिन्न शक्ति पिठ तथा देवी भगवतीका मन्दिरहरुमा भक्तजनहरुको भिडभाड बढेको छ । भक्तजनहरु विहानै नदी तलाउँ, धारा कुवामा स्नान गरी चोखो वस्त्र पहिरिएर पुजा पाठ, तथा दर्शनको लागि भगवती दुर्गाका मन्दिरहरु पुगेका छन् ।

पाल्पालीहरुले शुभ साईतमा घर-घर, देवीका मठ मन्दिरहरुमा घटस्थापना गरेका छन् । जिल्लाको डाडा टाकुरामा रहेका भगवती दुर्गाका मन्दिरहरु सरसफाई गरी नवरात्रदेखी देवीको नित्य पुजा आजा शुरु गरिएको छ । पाल्पामा अधिकांश देवी, भगवती, दुर्गाका मन्दिरहरु, डाँडाको टुप्पोमा निर्माण गरिएका छन् । नवदुर्गा शुरु भएपछि भगवती मन्दिरका वरीपरी भक्तजनहरु भजन कृर्तन, दुर्गा तथा चण्डी पाठ गर्दै देवीको आराधना गर्न जुटेका हुन् । तानसेनको भगवती मन्दिरमा परम्परागत नेवारी भाषाको डाफा



भजनले सबैको मन तानेको छ । लोपन्मुख अवस्थामा पुगेको नेवारी डाफा भजनलाई संरक्षणको बुढादेखी युवाहरुको सहभागी रहेको छ । परम्परागत भजन संस्कृति बुढापाकामा मात्र रहेको अवस्थामा युवाहरुलाई समेत डाफा भजन स्तुतीमा सहभागी गराएर तानसेनको पुरानो भजन संस्कृतिको जर्गेनाको लागि सहयोग पुगेको संस्कृतिकर्मी राजेन्द्र गोपाल सिंहले बताए । भगवती मन्दिरमा तानसेन भजन संरक्षण समिति र भगवती भजन समुहले नियमित रुपमा नवरात्री भरी डाफा भजन गर्दै आएको भगवती मन्दिर गुठी व्यबस्थापन समितिका अध्यक्ष अशोक महर्जनले बताए । तानसेनको भगवती मन्दिर, रम्भापानीको रम्भादेवी मन्दिर, भुवनपोखरीको रैनादेवी मन्दिर, बतासेको कालिका मन्दिर लगायतका मन्दिरमा पुजा आजाको लागि भक्तजनको अध्याधिक भिड हुने गर्दछ । पाल्पामा नवदुर्गाको समयमा मन्दिर वरीपरी विभिन्न समुहबाट साहुहिक देवी स्तुती भजन किर्तन गर्ने परम्परा हालसम्म कायम रहेको पाईन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पशु दिवसको औचित्य

आज विश्व अन्तर्राष्ट्रिय पशु दिवस विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाईँदै छ । जनावरहरूको संरक्षण गर्नुका साथै महत्वका बारेमा जागरूक गराउन हरेक वर्ष अक्टोबर ४ मा यो दिवस मनाउने गरिन्छ । पशुपंक्षी सबैका लागि चासोका विषय हुन् । हेर्न र देख्न पाउदा बेग्लै अनुभव हुन्छ । जंगलमा पाइने र घरपालुवा जीव जन्तुहरु हाम्रा लागि विशिष्ट र अति महत्वपूर्ण हुन् ।

पर्यावरण संरक्षणमा पशुको आवश्यकता रहन्छ भने वायुमण्डलमा भएको कार्बन र नाइट्रोजनको चक्रलाई सन्तुलन बनाउन पनि जनावरको योगदान महत्वपूर्ण रहन्छ । पूर्वीय सभ्यतामा जनावरलाई अझ विशेष महत्व दिएको पाइन्छ । हिन्दु धर्मावलम्बीमा पशुलाई देवताको प्रतीकका रूपमा पूजा गर्ने संस्कार रहेको छ । विभिन्न जनावरलाई विभिन्न देवीदेवताको वाहनका रूपमा पुज्ने प्रचलन छ । तिहारमा विशेषगरी पशुको महत्व बढी छ । तिहारमा काग, कुकुर, गाई र गोरुलाई देवताको प्रतीक मानेर पुज्ने प्रचलन छ । अझ हिन्दु धर्ममा गाईको पूजा अथवा दानलाई सबैभन्दा पुण्य दिने दानसँग तुलना गरिन्छ । पछिल्लो समय पूजा गरिने गाईको संरक्षण भने हुन सकेको छैन । राष्ट्रिय जनावरका रूपमा रहेको गाई लगायतका जनावर प्रतिको मानवीय व्यवहार भने क्रूर हुन थालेको छ । गाईले दूध दिने बेलासम्म पाल्ने र दूध दिन छाडेपछि सडकमा छाड्ने प्रवृत्तिले गाई संरक्षणमा चुनौती थपिएको छ । अर्कोतर्फ विभिन्न पूजाआजामा बली दिने परम्पराले समेत पशु संरक्षणमा सकस देखिएको छ । यो अत्यन्त दुखको कुरा हो ।

सांस्कृतिक,पर्यटन,जैविक विविधता,व्यपार लगायतका क्षेत्रसँग पशुपंक्षी जोडिएका छन् । पशु दिवसमा जनावरसँगको मानविय दायित्व र सम्बन्धलाई अर्न्तनिर्भरतासँग व्याख्या गरिन्छ । मानव अनि जनावरहरु सबैका लागि यस संसार एउटा राम्रो ग्रह हुनुपर्दछ भनेर आज जनावर अधिकार संगठन अनि जनावर अधिकारकर्मीहरु एकै थलोमा भेला हुने गरेका छन् । यो आफैमा सकारात्मक पक्ष हो । विश्वका विभिन्न देशहरुले विभिन्न तरिकाबाट यो दिवस मनाउँदै आइरहेका छन् । दिवस जसरी मनाए पनि पशुको संरक्षण र उनीको सुधारात्मक स्थितिलाई बढाउन आवश्यक छ । यसो भयो भने मात्र दिवस मनाउनुको औचित्य रहन्छ ।

## Opinion @ Social Network

हातको रेखामा कहिले पनि विश्वास नगर्नु,
भाग्य त्यसको पनि हुन्छ जस्को हात हुँदैन।
*(सरिता वि.क.कोफेसबुक स्टाटसबाट www.facebook.com//b.k.sarita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अवश्य एक दिन देश बन्ने छ !



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

अथाहा स्रोत साधन र सम्भावनालाई व्यवास्ता गर्दै सुनको कचौरामा वैदेशिक सहयोग र अनुदानको भरमा देश निर्माणको सपना देखेका नेतृत्वकर्ता भएको देश नेपाल भन्दा फरक नपर्ला । हुन पनि राजनीतिक नेतृत्वले व्यवहार र कार्यशैलीलाई परिवर्तन नगर्दा देश विकासको बाधकको रुपमा संविधानका ती निर्जिव शब्दलाई दोष दिदैं साशन व्यवस्था र संविधान पटक-पटक परिवर्तनमा एक शतक अवधि खेरा फालेका नेतृत्वकर्ता र जनता बस्ने देश नेपाल बनेको देखिन्छ । साथमा आशा हैन् निराशा बढाउन तम्सने राजनीतिक नेतृत्व भएको देश ,यहि कारण आज भोली नेपाल बन्दैन् भन्ने आवाज बढ्दै गएको देखिन्छ । तर यहाँ देश एक दिन अवश्य बन्न सक्ने विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

कुनै पनि देश निर्माणको मुख्य आधार हो त्यस देशमा रहेको प्राकृतिक स्रोत साधन र परिचालनका लागि दक्ष र सीपयुक्त जनशक्ति । दक्ष र सीपयुक्त जनशक्ति प्राप्तिको आधार त्यस देशको सक्रिय जनसंख्याको अवस्था । सक्रिय जनशक्तिलाई दक्ष र सीपयुक्त बनाउन त्यस देशले अबलम्वन गरेको शैक्षिक प्रणालीले भूमिका खेल्ने गर्दछ । आर्थिक विकास र आर्थिक समृद्धि प्राप्तिको आधार पनि यसलाई नै लिन सकिन्छ । पछिल्लो समय देशमा भएको राजनीतिक अस्थिरता, राजनीतिक हस्तक्षेप, हरेक क्षेत्रमा बढ्दै गइरहेको राजनीतिकरणका कारण अदक्ष ,अर्धदक्ष र दक्ष सबै प्रकारका जनशक्ति रोजगारी र सुनौलो भविष्य निर्माणको आसमा विदेशीने कहाली लाग्दो तथ्यांक जटिल समस्याको रुपमा रहेको देखिन्छ । विभिन्न उद्देश्य लिदै दैनिक १५०० देखि २००० को युवा जनशक्ति हवाई मार्गबाट विदेशिनु यसको ज्वालन्त उदाहरण हो । विश्वव्यापिकरण र देशहरुले अपनाएको खुला अर्थनीतिले पनि यस पक्षमा थप सहयोग पुर्‍याएको देखिन्छ । यसका साथै राज्यको नयाँ सरचनासँगै तीन तहको सरकारले कार्य गर्न थालेसँगै गाउँ घरमा विकास योजना र सुविधाहरु विस्तार हुँदै गएको देखिन्छ तर यसको विपरीत बस्तिहरु उजाड हुँदै गएका छन्, स्रोत साधनहरु प्रयोगहिन अवस्थामा रहेका छन्, उत्पादन योग्य कृषि भूमि बाँझिदै गएका छन्, गाउँ घरहरु सुनसान देखिन्छन्, घरहरु जेष्ठ नागरिक आश्रमस्थल जस्तै देखिन थालेका छन् । यसो किन भैरहेको छ ? यसको गम्भिर बहस, अनुसन्धान र विश्लेषण गरि समाधानको निष्कर्ष निकाली आगामी दशकमा समाजवाद उन्मुख समृद्ध नेपालको परिकल्पना साकार पार्दै हामीले कल्पना गरेको नयाँ नेपाल निर्माण धेरै टाढा देखिदैन् ।

> *आर्थिक विकास र आर्थिक समृद्धि प्राप्तिको आधार पनि यसलाई नै लिन सकिन्छ । पछिल्लो समय देशमा भएको राजनीतिक अस्थिरता, राजनीतिक हस्तक्षेप, हरेक क्षेत्रमा बढ्दै गइरहेको राजनीतिकरणका कारण अदक्ष ,अर्धदक्ष र दक्ष सबै प्रकारका जनशक्ति रोजगारी र सुनौलो भविष्य निर्माणको आसमा विदेशीने कहाली लाग्दो तथ्यांक जटिल समस्याको रुपमा रहेको देखिन्छ । विभिन्न उद्देश्य लिदै दैनिक १५०० देखि २००० को युवा जनशक्ति हवाई मार्गबाट विदेशिनु यसको ज्वालन्त उदाहरण हो । विश्वव्यापिकरण र देशहरुले अपनाएको खुला अर्थनीतिले पनि यस पक्षमा थप सहयोग पुर्‍याएको देखिन्छ । यसका साथै राज्यको नयाँ सरचनासँगै तीन तहको सरकारले कार्य गर्न थालेसँगै गाउँ घरमा विकास योजना र सुविधाहरु विस्तार हुँदै गएको देखिन्छ तर यसको विपरीत बस्तिहरु उजाड हुँदै गएका छन्, स्रोत साधनहरु प्रयोगहिन अवस्थामा रहेका छन्, उत्पादन योग्य कृषि भूमि बाँझिदै गएका छन्, गाउँ घरहरु सुनसान देखिन्छन्, घरहरु जेष्ठ नागरिक आश्रमस्थल जस्तै देखिन थालेका छन् । यसो किन भैरहेको छ ? यसको गम्भिर बहस, अनुसन्धान र विश्लेषण गरि समाधानको निष्कर्ष निकाली आगामी दशकमा समाजवाद उन्मुख समृद्ध नेपालको परिकल्पना साकार पार्दै हामीले कल्पना गरेको नयाँ नेपाल निर्माण धेरै टाढा देखिदैन् ।*

राजाको साशन व्यवस्था मानिने पञ्चायतकालमा नै राजा महेन्द्रले जनतालाई आर्थिक समृद्धिको सपना बाडेका थिए रे तर करीव ६५ बर्षको अन्तरालमा जनताको साशन व्यवस्था मानिने गणतन्त्रसम्म आईपुग्दा पनि राजनीतिक नेतृत्वले आर्थिक समृद्धिलाई भाषण,नारा र लक्ष्य बनाएता पनि आम जनताले यसको अनुभुति गर्न भने पाएको देखिदैन् । तर पनि गणतान्त्रिक साशन व्यवस्था अभ्यासको करीब दुई दशक समय बेथित गर्दै गर्दा आमजनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्वाधारको निर्माण, शिक्षा , स्वास्थ्य, सामाजिक सुरक्षाका क्षेत्रहरुमा जनताले अनुभुती गर्ने गरी सेवा विस्तार भएको कुरामा दुईमत नरहला । विकास निर्माणले पनि तिव्र गति लिएको देखिन्छ तर आमजनता विशेषत युवा पुस्ताहरुमा भने निराशा बढ्दै गएको देखिन्छ । यसको कारणका रुपमा अस्थिरता, अधिक सरकार परिवर्तन र रोजगारीको अभाव रहेको देखिन्छ । यस पक्षमा सुधार गरी सुखी र खुशी नेपाली बस्ने नेपाल निर्माणका चुनौती र आधार पहिचान गरी योजनातय गर्न जरुरी देखिन्छ ।

**देश निर्माणमा देखिएका केहि चुनौतीहरु :**

- सुशान स्थापित गरी विधिको साशनको सुरुवात गर्न ।
- भूपरिवेष्ठिता (दुई ठूला अर्थतन्त्र भएको देशहरुको चेपुवामा पर्नु )
- नेपाल भारत सिमामा नेपाली उत्पादनको निर्यातमा विभिन्न वहानामा अवरोध उत्पन्न हुनु ।
- वाह्य लगानीलाई आर्कर्षित गर्न नसक्नु ।
- राजनैतिक स्थिरता र स्थिर सरकार नहुनु ।
- राज्यको नयाँ संरचना र प्रदेश व्यवस्थापनमा थप सार्वजनिक खर्चमा वृद्धि ।
- सार्वजनीक ऋणको रकममा वृद्धि आम्दानीको ठूलो अंश ऋण व्याज भुक्तानीमा खर्च हुनु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वार्थ समुहको नेपालको नीति ,नियम निर्माणमा प्रभाव पर्नु ।
- औद्योगिकरण नहुनु भएका उद्योगहरु पनि बन्द हुने अवस्थामा सञ्चालन हुनु ।
- प्राकृतिक स्रोत साधनको परिचालनमा सरकारहरु बेखवर जस्तै देखिनु ।
- खेतीयोग्य भूमिलाई शहरीकरण र बस्ती हुनबाट जोगाउन ।
- भ्रष्टाचार,कालो बजारी संस्था कार्यलाई रोक्न ।
- सार्वजनिक ऋणको मात्रा घटाउँदै लैजान ।
- हरेक क्षेत्रमा अधिक राजनीतिकरण बढ्दै जानु ।

**देश बन्ने केहि आधारहरु :**

प्राकृतिक स्रोत साधनले भरिपूर्ण देश नेपाल विश्वमै विविध पक्षले फरक पहिचान स्थापित गरी अटल रहेको कुरामा दुईमत रहँदैन् । यो देश निर्माणका आधारहरु प्रसस्त रहेका छन् त्यस मध्ये केहि आधारहरुलाई यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ ।

- जलस्रोतमा विश्व दोस्रो धनी देश ।
- ४२ हजार मेगावाट विद्युत उत्पादन गरी निर्यात गरी White doller देशमा भित्र्याउन सकिने
- प्राकृति स्रोत साधनमा विविधता विदेशी पर्यटक भित्राई विदेशी मुद्रा आर्जन गर्न सकिने ।
- युरिनियम ,पेट्रोलियम पदार्थ जस्ता खनीज सम्पदाहरुको उत्खन्न,प्रयोग र निर्यात ।
- वन सम्पदाहरुको प्रयोग र निर्यात ।
- दैनिक औषतमा २ हजारका दरले वैदेशिक रोजगारमा गएका युवा शक्तिलाई दक्ष र सिप युक्त बनाई देश विकासमा लगाउन सकिने ।
- विभिन्न क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन सकिने ।
- रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने प्रसस्त सम्भावना रहेको छ ।
- सार्वजनीक ,निजी र सहकारीबीच सहकार्य गरी आर्थिक उपलब्धी हासिल गर्न सकिने ।
- खेलकुद र मनोरञ्जन जस्ता क्षेत्रहरुमा लगानी विस्तार गरी जनतालाई सन्तुष्टि दिन ।
- कृषि क्षेत्र र किसानलाई विशेष प्राथमिकता दिई अर्थतन्त्रमा विशेष योगदान दिन सकिने ।
- गरिबी निवारणका लागि गरीव लक्षित व्यवहारिक र कार्यान्वयन योग्य योजना बनाउने ।

**निष्कर्ष :**रेमिटान्स, वैदेशिक ऋण र अनुदानकै भरमा देश बनाउने दिवा सपना त्यागौं, आवश्यकता र औचित्यका आधारमा योजना छनौट गरौं, वित्तीय अनुसाशनमा जोड दिउँ । यो देशमा केहि हुँदैन्, यहाँ बसेर काम छैन् भन्ने युवा पुस्तामा विकास भएको प्रवृति र निराशाको अन्त्यको खोजी गर्दै युवा जनशक्तिलाई देश भित्र नै बस्नका लागि आवश्यक बातावरण निर्माण गरी राष्ट्रप्रेमको भावना जागृत गराउँदै शिक्षा, कृषि,औद्योगिकरण, पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाउँदै कार्यान्वयन गर्न सकेमा अबको दशक भित्र हामीले कल्पना गरेको सुखी र खुशी नेपाली बस्ने समृद्ध र शान्त नेपालको निर्माण गर्न सकिने देखिन्छ ।

**(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : महिला वर्गबाट सहयोग मिल्नेछ । स्वास्थ्यमा ख्याल दिनुपर्ने छ । | **तुला** :परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला । |
| **बृष** :खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ, फाइदाहरु दोहोरिन सक्छ। | **बृश्चिक** : प्रशंसकहरू बढ्ने छन्। तारिफयोग्य कामले उपलब्धि दिलाउनेछ। |
| **मिथुन** :परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला । | **धनु** :विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ। आकर्षक उपहारले जगाउनेछ। |
| **कर्कट** :घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटको दिन रहनेछ। | **मकर** :व्यावहारिक समस्याले सताए पनि सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । पुराना शत्रु पराजित हुनेछन् । | **कुम्भ** : समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । |
| **कन्या** : स्वास्थ्यका लागि व्यायाम तथा आहार विहारमा ध्यान पुर्याउनुहोला । | **मीन** : वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।मनमा खुसी छाउँनेछ । |

## स्वास्थ्य चर्चा

# यस्ता छन् माछा खानुको फाइदा

माछालाई विश्वमा सबैभन्दा स्वास्थ्यकर खानेकुरा मध्ये एक मानिन्छ । माछामा हाम्रो शरीरलाई आवश्यक कयौं प्रकारका पोषक तत्त्वहरू हुन्छन् ।

यसमा हाई क्वालिटीको प्रोटिनको साथमा ओमेगा-३ फ्याटी एसिड, भिटामिन डी, भिटामिन बी २, आइरन ,जिंक, आयोडिन, म्याग्नेशियम र पोटाशियम जस्ता स्वस्थ फ्याट पनि पाइन्छन् । यो मुटुको स्वास्थ्यका लागि पनि निकै राम्रो खानेकुरा हो । यसको सेवनले डिप्रेसन, टाइप १ मधुमेहको खतरा पनि कम हुन्छ ।



**मस्तिष्कका लागि फाइदाजनक**
अनुसन्धानका अनुसार माछामा ओमेगा-३ फ्याटी एसिड हुन्छ । माछा मानव मस्तिष्कमा पाइने मेम्ब्रेन एन-३ एफएएसका लागि पनि निकै राम्रो मानिन्छ । माछाले वृद्धवृद्धाहरूमा हुने डिमेन्शिया जस्ता बिर्सने रोगलाई पनि भगाउन सक्छ । गर्भधारणको समयमा माछा खानु राम्रो हुने एक अध्ययनले देखाएको थियो ।

**तनाव कम गर्छ :** माछा खानु शारीरिक मात्रै होइन मानसिक स्वास्थ्यका लागि पनि राम्रो हो । दिनहुँ माछा खाने मान्छेलाई मानसिक स्वास्थ्यसँग जोडिएको कुनै पनि बिमारी नहुने केही अध्ययनले देखाएका छन् । माछाले तनाव, चिन्तालाई पनि कम गर्ने बताइन्छ ।

**मुटुका बिरामीका लागि :** मुटुका बिरामीका लागि पनि माछा निकै फाइदाजनक छ । यसमा पाइने ओमेगा-३ फ्याटी एसिडले मुटुलाई बलियो बनाउँछ । ओमेगा-३ ले ट्राइग्लिसराइड्सको खतरालाई कम गर्छ ।

**दमबाट बचाउँछ :** माछामा एन-३ तेल पाइने अध्ययनले देखाएका छन् । यसले दमको जोखिम कम गर्छ । दमको साथसाथै माछा क्रनिक अब्सट्रक्टिभ पल्मोनरी डिजीज अर्थात् सीकोपीडी र आन्द्रा सुन्निने रोगका भएकाहरूका लागि पनि राम्रो मानिन्छ ।

**आँखाको ज्योतिका लागि :** विज्ञहरूका अनुसार माछामा पाइने ओमेगा-३ फ्याटी एशिड आँखाको ज्योति चम्काउन सहयो गर्छ । बेवएमडीका अनुसार आँखाको रेटिनालाई दुई खालको ओमेगा-३ फ्याटी एसिड चाहिन्छ: डीएचए र ईपीए । यी दुबै फ्याटी एसिड साल्मन, टूना र ट्राउट जस्ता माछामा पाइन्छ ।

**-रातोपाटी डटकम**

# गाडीमा यात्रा गर्दा वान्ता आउँछ ?
# यस्ता छन् रोकथामका उपाय

नेपालीहरूको सबैभन्दा ठूलो चाड दशैं आउन अब धेरै समय बाँकी छैन । दशैंमा घर जानका लागि गाडीको टिकट लिने काम शुरू भइसकेको छ । दशैंमा घर जाँदाको उत्साहका बीच कतिपयलाई भने गाडीमा वान्ता आउने डरले सताइरहेको हुन्छ । यसलाई अंग्रेजीमा मोशन सिक्नेस भनिन्छ । विशेषगरी पहाडको र घुमाउने बाटोमा वान्ता आउने गर्छ । यसले यात्रालाई असहज बनाइरहेको छ । वान्ता आउने समस्याको रोकथामका उपायहरू पनि छन् ।



**यस्ता छन् उपाय :**
- यात्रा गर्नुअघि धेरै मसालेदार खाना नखाऔँ । बरु सीमित मात्रामा क्याफिन र अल्कोहलको उपभोग गर्न सकिन्छ ।
- यात्रा गर्नुअघि सावधानीपूर्वक आफ्नो सिट चयन गर्नुहोस् । सकेसम्म अघिल्लो सिटमा बसौं ।
- टाउकोलाई यताउता घुमाइरहने काम नगर्नुहोस् ।
- सम्भव भएसम्म ताजा हावा आउने गरी झ्याल खोल्नुहोस् ।
- पढ्ने, फिल्म हेर्ने वा विद्युतीय उपकरण चलाउने काम बन्द गर्नुहोस् ।
- गीतसङ्गीत सुन्नेजस्ता क्रियाकलापबाट पनि आफूलाई परै राख्नुहोस् ।
- आँखा बन्द राख्नुहोस्, सकेसम्म निदाउने कोसिस गर्नुहोस् ।
- यात्राका दौरान प्रशस्त पानी पिउनुहोस् । **-लोकान्तर डटकम**

# पानीमा कोलिफर्म,जरिवानासहित बिक्री वितरणमा रोक

काठमाडौं

महानगरपालिकाले विभिन्न ११ ब्राण्डका पानीमा फिकल कोलिफर्म भेट्टाएपछि हरेकको बिक्री वितरणमा रोक लगाएको छ ।

बिक्रीमा रोक लगाइएका हरेकलाई २ लाख रुपैयाँ जरिबाना गर्ने निर्णय भएको छ । यस सम्बन्धी गरिएको परिपत्रमा, जरिवाना राजस्व खातामा दाखिला गर्न भनिएको छ । यस्तै कोलिफर्म भेटिएको पानीको नमूना सरकारी निकायका प्रयोगशालाबाट प्राविधिक परीक्षण गरेर प्रतिवेदन बुझाउन भनिएको छ । यसरी बुझाइएको प्रतिवेदनमा फिकल कोलिफर्म शून्य देखिएपछि बिक्री वितरण गर्न सकिने पत्रमा उल्लेख छ । भदौ १२ गतेदेखि २८ गतेका बिचका विभिन्न दिनमा विभिन्न स्थानहरुबाट २० वटा पानीको नमूना लिइएको थियो । यसबाहेक उपभोक्ताले गुनासो गरेपछि एउटाको नमूना संकलन गरेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रयोगशालामा परीक्षणका लागि पठाइएको थियो । यसरी पठाइएका २१ वटा नमूनामध्ये ११ वटामा फिकल कोलिफर्म देखिएको हो । प्रति १ सय मिलिलिटर नमूना परीक्षणमा कोलोनी फर्मिङ् युनिट (सीएफयू) मापदण्ड विपरीत देखिएको हो । कोलोनी फर्मिङ् युनिट (सीएफयू) सुक्ष्मजीवको अवस्था हेर्न प्रयोग गरिने युनिट हो । खाद्य पदार्थको अनिवार्य गुणस्तर मापदण्डअनुसार प्रशोधित पिउने पानीमा कोलिफर्म शून्य हुनुपर्छ । फिकल कोलिफर्म दिशामा पाइन्छ । दिशामा पाइने सुक्ष्मजीव पानीमा भेटिनुलाई पिउन अयोग्य मानिन्छ । जरिबाना र विक्री वितरणमा रोक लगाइएका पानीका ब्राण्डहरुमा ब्याच नं १३ को फ्रेस ड्रप पानीमा फिकल कोलिफर्मको मान २३ कोलोनी फर्मिङ् युनिट (सीएफयू) देखियो । उपभोक्ताबाट गुनासो आएपछि भदौ १८ गते यसको नमूना लिइएको थियो । पञ्चरत्न ग्रुपले उत्पादन गर्ने यो पानी टोखा नगरपालिका वडा नं ८ बाट उत्पादन भइरहेको छ । भदौ १२ गते नमूना लिइएका पानीमध्ये ब्याच नं १२ को अक्वा पिसमा ८० र अक्वा टोखाको पानीमा फिकल कोलिफर्मको मान ३० कोलोनी फर्मिङ् युनिट (सीएफयू) देखियो । अक्वा पिस टोखा ८ मा रहेको पिस स्प्रिङ् वाटरले उत्पादन गरेको पानी हो भने अक्वा टोखा, टोखाकै अक्वा एसएनएस वेभरेजले उत्पादन गरेको पानी हो ।



ब्याच नं ६ को कोलभोतेश्वर ब्राण्डको भदौ २४ गते नमूना लिइएको हो । यसमा फिकल कोलिफर्मको मान ११६ कोलोनी फर्मिङ् युनिट (सीएफयू) छ । यो पानी कागेश्वरी मनोहरामा सञ्चालित उत्तरवाहिनी फुड एण्ड वेभरेजले उत्पादन गरेको हो । भदौ २४ गते नै नमूना लिइएका पानीहरुमा गोकर्णेश्वरमा सञ्चालित अक्वा सुन्दरी उद्योगले उत्पादन गर्ने अक्वा डिवी, कागेश्वरी मनोहरा, वडा नं ६ मा रहेको स्नो क्युव ड्रिङ्किङ् वाटरले उत्पादन गर्ने अकुवा, गोकर्णेश्वरमा रहेको स्तुपा इण्डष्ट्रीले उत्पादन गरेको क्युब प्रोसेस ड्रिङ्किङ् वाटर र गोकर्णेश्वरमा सञ्चालित मुन लाइट स्प्रिङ् मिनरल वाटरले उत्पादन गरेको अक्वा माइल्ड नामको पिउने पानीमा फिकल कोलिफर्म भेटियो । अक्वा डीवीमा ५, अकुवामा १७, ब्याच नं २०० को क्युव प्रोसेस ड्रिङ्किङ् वाटरमा ३ सयभन्दा धेरै र ब्याच नं ४२ को अक्वा माइल्ड ब्राण्डको पानीमा २१ कोलोनी फर्मिङ् युनिट ( सीएफयू) भेटिएको छ । भदौ २८ गते संकलन गरिएका नमूनामध्ये अक्वा कपन र अक्वा गौरशंकरमा कोलिफर्म भेटियो । अक्वा कपनमा फिकल कोलिफर्म मान ४ र अक्वा गौरशंकरमा ३ सयभन्दा धेरै कोलोनी फर्मिङ् युनिट देखिएको छ । अक्वा कपन एमके मिनरल वाटर उद्योगले बुढानीलकण्ठ नगरपालिकाको कपन क्षेत्रबाट उत्पादन गर्छ । अक्वा गौरी शंकर, गोकर्णेश्वरमा रहेको कोशी मिनरल उद्योगले उत्पादन गर्छ ।

*-हाम्राकुरा डटकम*

# आँखा मुनिको डार्क सर्कल्स हटाउन घरेलु उपचार

टिभी, ल्यापटप वा फोनको स्क्रिनको अगाडि धेरै बस्नु, छाला धेरै पातलो हुनु, छालाको उचित हेरचाह नगर्नु र पानीको कमीले पनि आँखा वरिपरि कालो घेरा बन्न सक्छ ।

डार्क सर्कल देखा पर्दा अनुहारमा सबैको नजर सिधै आँखामा रोकिन्छ । त्यसपछि मानिसहरू विभिन्न प्रकारका प्रश्नहरू सोध्न थाल्छन् कि तनाव वा निद्राको कमी आदिका कारण डार्क सर्कलहरू भइरहेको त छैन ? यदि तपाई यस अवस्थाबाट बाहिर निस्कन चाहनुहुन्छ भने, यहाँ जान्नुहोस् डार्क सर्कलबाट कसरी छुटकारा पाउने ?

डार्क सर्कल को लागि घरेलु उपचार :

**काँचो दूध :** आँखा वरपरको कालो घेरा हटाउन काँचो दूध लगाउन सकिन्छ ।

काँचो दूधलाई १५ देखि २० मिनेटसम्म राखेपछि मात्रै यसको प्रभाव देखिन थाल्छ । यसलाई हरेक दिन बिहान र बेलुका आँखामा लगाउन सकिन्छ । दुधको ल्याक्टिक एसिड पनि फाइन लाइनहरू कम गर्न प्रभावकारी हुन्छ । दूधमा थोरै बेसार वा मह मिसाएर कालो घेरामा लगाउन पनि सकिन्छ ।

**काँक्रो :** काँक्रो डार्क सर्कल हटाउन पनि प्रभावकारी हुन्छ । काँक्रोलाई पिसेर आँखामा लगाउनुहोस् ।

काँक्राको टुक्रालाई आँखामा पनि लगाउन सकिन्छ र काँक्रोलाई रगडेर निचोले पनि यसको रस डार्क सर्कलमा लगाउन सकिन्छ ।


**टमाटर :** ब्लिचिङ गुणले भरिपूर्ण टमाटरले डार्क सर्कललाई हल्का बनाउन प्रभावकारी हुन्छ । टमाटरमा लाइकोपीन हुन्छ जुन छालाको लागि राम्रो हुन्छ । टमाटरको रस लगभग ज्ञण् मिनेटको लागि छालामा लगाउन सकिन्छ ।

**पुदीना पातहरू :** चिसो गुणले भरिपूर्ण हुने पुदिनालाई डार्क सर्कलमा लगाउनाले राम्रो प्रभाव पार्छ। पुदीना पातहरू धुनुहोस् र पीस्नुहोस्।

अब डार्क सर्कलहरूमा भुइँको पातहरू लगाउनुहोस् र केही मिनेट पछि चिसो पानीले धुनुहोस् । केही दिनमै डार्क सर्कल कम हुन थाल्छ । **-डिसी नेपाल डटकम**






















# तानसेन खानेपानीको सेवा नयाँ कार्यालयबाट




**पाल्पा,** असोज १७/तानसेन खानेपानी उपभोक्ता समितिले आफ्नो सेवा नयाँ कार्यालयबाट दिन थालेको छ । समितिले विहीबारदेखि पहिलेको ठाउँबाट केही तल तानसेन -३ भगवती टोलस्थित पहिलेको मोनिका गेष्ट हाउस र हालको होटल तानसेन सिटी भएको घरबाट सेवा दिन थालेको हो ।

सेवाको एक कार्यक्रमका बीच शुभारम्भ गरिएको छ । लुम्बिनी प्रदेशका सभामुख वसन्त घर्ती, लुम्बिनी प्रदेश सभा सदस्य एवं पूर्व मन्त्री वीरबहादुर राना, जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, जिल्ला समन्वय प्रमुख,प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखसहितका व्यक्तिहरूको उपस्थितिमा कार्यालयको शुभारम्भ गरिएको हो । घटस्थापनको शुभ साइत पारेर समितिले सुविधा सम्पन्न र व्यवस्थित काउन्टरसहितको कार्यालय सञ्चालनमा ल्याएको हो । लामो समय साँघुरो ठाउँबाट सेवा दिँदै आएको समितिले छुट्टाछुट्टै काउन्टर कक्ष, कार्यालय प्रमुख कक्ष, अध्यक्षको कक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षको कक्ष र कार्यक्रम कक्ष स्थापना गरेको छ । सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन नयाँ कार्यालय सञ्चालनमा लिई सेवा प्रवाह गर्न थालिएको समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठले बताए । उनले भने भने 'साँघुरो ठाउँबाट सेवा दिन असहज भएकाले नयाँ संरचनासहित नयाँ ठाउँबाट सेवा दिन थालेका हौं ।' उपभोक्तालाई नियमित खानेपानी उपलब्ध गराउने र सहज सेवा दिने दिशामा आफुहरु सक्रिय भएर लागेको अध्यक्ष श्रेष्ठको भनाई छ । उनले सेवालाई समय सापेक्ष बनाउन डिजिटल प्रणालीबाट काम गर्न लागेको उल्लेख गरे । तानसेनमा लामोसमयदेखि अस्तव्यस्त रहेको खानेपानी वितरण प्रणालीलाई अध्यक्ष श्रेष्ठको नेतृत्वमा आएको समितिले भने व्यवस्थित र नियमित गराएको छ । खानेपानी नियमित हुन थालेपछि उपभोक्ताले समितिको प्रसंशा गर्दै आएका छन् । गरे के हुन्न ? भन्ने उदाहरणलाई समितिले सार्थक तुल्याउँदै आएको उपभोक्ताहरुको भनाई छ ।

# आज विश्व पशु दिवस मनाइँदै

**पाल्पा,** असोज १७/आज विश्व पशु दिवस मनाइँदै छ । जनावरको संरक्षणको बारेमा सचेतना जगाउन हरेक वर्ष अक्टोबर ४ तारिखमा यो दिवस मनाउने गरिएको हो ।


पर्यावरण संरक्षणमा पशुको आवश्यकता रहन्छ भने वायुमण्डलमा भएको कार्बन र नाइट्रोजनको चक्रलाई सन्तुलत बनाउन पनि जनावरको योगदान महत्वपूर्ण मानिन्छ । पूर्वीय सभ्यतामा जनावरलाई अझ विशेष महत्व दिएको पाइन्छ । हिन्दू धर्मावलम्बीमा पशुलाई देवताको प्रतीकको रुपमा पूजा गर्ने संस्कार रहेको छ । सन् १९२५ अर्थात् लगभग ९३ बर्सअघि जर्मनको बर्लिनमा जर्मन लेखक हेनरिच जिमरम्यानले विश्वमै प्रथम जनावर दिवस मनाएका थिए । सन् १९२९ बाट औपचारिक रूपमै अक्टोबर ४ मा यस दिवस मनाउन थालियो । यस दिनमा इटालियन सन्त फ्रँन्सिस अफ एसिसीको जन्मदिन पनि पर्न गएको हो । यी सन्तलाई ११ औं शताब्दीबाट अहिलेसम्म पर्यावरण र जनावर मैत्री समाजका प्रवर्तक र प्रचारकका रूपमा चिनिन्छ । पशुका अधिकार र तिनीहरुप्रति गरिने मानवीय व्यवहारका बारेमा विवेचना गरिनु यस दिवसको मुख्य उद्देश्य रहेको छ ।

पशुपंक्षी सबैका लागि चासोका विषय हुन् जो हेर्न र देख्न पाउँदा बेग्लै अनुभव हुन्छ । जंगलमा पाइने र घरपालुवा जीवजन्तुहरु हाम्रा लागि विशिष्ट र अति महत्वपूर्ण हुन् । चाडपर्वका बेला होस् वा अन्य समयमा पशुपंक्षीहरुको आफ्नै महत्व रहेको हुन्छ । यिनीहरुको महत्व आफैमा विशिष्ट छ । कुकुर तिहार, गाई तिहा, गोरु तिहार लगायतका चाडहरुले त जनावरको विश्वमा उपस्थितीलाई नै पूर्नव्याख्या र पूर्नपरिभाषित गरिदिएको छ ।

हामी मध्ये हरेक मानिसले जनावरहरुको संसारलाई केही हदसम्म खुकुलो पार्न सक्दछौं । केही जनावर खतरनाक हुन्छन् त केही मैत्री हुन्छन्, जे होस् पृथ्वीमा बस्ने अधिकार सबैलाई समान छ ।

## खेलकुद समाचार

### काठमाडौंले मधेशलाई हरायो



**काठमाडौं,** असोज १७/एभरेस्ट महिला भलिबल लिगमा काठमाडौं स्पाइकर्सले मधेश युनाइटेडलाई हराएको छ । काठमाडौंको त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा विहीबार भएको खेलमा काठमाडौंले मधेशलाई ३/१ को सेटमा हरायो ।

मधेशले पहिलो सेट २५/१५ ले जिते पनि काठमाडौंले त्यसपछि लगातार ३ वटा सेट जित्यो । काठमाण्डौले दोस्रो सेट २५/२३, तेस्रो सेट २५/१५ र चौथो २५/१८ ले जित्यो । योसँगै काठमाडौंले ४ खेलमा ३ वटा जितेको छ । मधेशले भने लगातार चौथो खेल हारेको छ । एन्फा महिला भलिबल लिगमा अहिले दोस्रो खेलमा कर्णाली यशिवस र चितवन शक्ति खेलिरहेका छन् ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## स्वास्थ्य समाचार

### कार्यसम्पादनमा लुम्बिनी प्रदेशमै पहिलो बन्यो स्वास्थ्य कार्यालय पाल्पा

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज १७/लुम्बिनी प्रदेशमा स्वास्थ्य कार्यालय पाल्पा प्रथम भएको छ । लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले प्रदेशभरीका १२ जिल्लाका कार्यालयले गर्ने कार्यसम्पादन मूल्याङ्कनमा स्वास्थ्य कार्यालय पाल्पा प्रथम भएको हो ।

स्वास्थ्य कार्यालय पाल्पा अघिल्लो वर्ष, २०७९/०८० मा पनि प्रदेशभरी उत्कृट अंकसहित प्रथम भएको थियो । यसैगरी कार्यसम्पादन मुल्याङ्कनमा स्वास्थ्य कार्यालय रोल्पा दोस्रो र स्वास्थ्य कार्यालय गुल्मी तेस्रो भएका छन् ।

लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १२ वटा कार्यालय, १४ वटा अस्पताल र १३ आर्युर्वेदिक स्वास्थ्य केन्द्रलाई कार्यसम्पादन मुल्याङ्कनमा समावेश गर्दै आएको छ । यसै गरी प्रदेशभरीका १४ वटा अस्पताल मध्यमा बर्दिया अस्पताल प्रथम भएको छ भने लुम्बिनी प्रादेशिक अस्पताल बुटवल द्धितिय र अर्घाखाँची अस्पताल तृतिय भएको छ । आयुर्वेदतर्फ अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र प्रथम भएको छ भने लुम्बीनी आयुर्वेद चिकित्सालय द्धितिय र कपिलबस्तु आयुर्वेद चिकित्सालय तृतिय भएका छन् । जनतालाई दिने सेवा प्रवाह, सेवाग्राहीको सन्तुष्टी लगायतका विषयबस्तुका सूचकहरुको आधारमा उत्कृष्ट स्वास्थ्य कार्यालय, अस्पताल र आर्युर्वेदिक स्वास्थ्य केन्द्र घोषणा गरिएको हो ।

स्वास्थ्य कार्यालय पाल्पालाई विगत दुई बर्षदेखी नै प्रदेशमा पहिलो तथा उत्कृष्ट कार्यालय बनाउन सफल भएको र आगामी बर्ष पनि पहिलो हुने गरी कार्यसम्पादनमा लागि परेको कार्यालयका बरिष्ठ तथ्यांक अधिकृत एवं निमित्त प्रमुख टुक प्रसाद पोखरेलले बताए । स्वास्थ्यमन्त्री खेमबहादुर सारुले प्रदेशस्तरीय समिक्षा कार्यक्रममा उत्कृष्ट स्वास्थ्य कार्यालय, आयूर्वेद चिकित्सालय र अस्पतालहरुलाई पुरस्कार वितरण गरे ।

स्वास्थ्यमन्त्री सारुले चालु आर्थिक बर्षमा सबै कार्यालय, अस्पताल आयूर्वेद स्वास्थ्य केन्द्र प्रथम हुने छु भन्ने भावनाका साथ काम गर्न आग्रह गरे । जनताको सेवा सुविधालाई ध्यानमा राख्दै सबैले गुणस्तरीय सेवा प्रदान गर्न स्वास्थ्यमन्त्री सारुले जोड दिए ।

लुम्बिनी प्रदेशमा १२ वटा स्वास्थ्य कार्यालय, १३ वटा आयूर्वेद चिकित्सालय तथा स्वास्थ्य केन्द्र १४ वटा अस्पताल छन् ।
















हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई